नेपाल पत्रकार महासंघ

Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८३।०६।३१

प्रेस विज्ञप्ति

जनआस्था साप्ताहिकका प्रधानसम्पादक किशोर श्रेष्ठलाई सत्तासिन दल राष्ट्रिय स्वतन्त्र पार्टीका नेता तथा कलाकार हिमेश पन्तले साइबर ब्यूरोमा दिएको उजुरीका आधारमा प्रहरीले पक्राउ गरेको घटनाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

पन्तले धादिङमा छिमेकीको १० रोपनी जग्गा हडपेको विषयमा सो साप्ताहिकमा समाचार प्रकाशित भएको थियो । सोही विषयमा परेको उजुरीलाई लिएर एसएसपी सन्तोष खड्कासहितको प्रहरी टोली श्रेष्ठलाई आज ललितपुरको नख्खुस्थित उहाँको निवासबाट पक्राउ गरेको छ ।

समाचारमा चित्त नबुझेका विषय भए प्रचलित र स्थापित विधिअनुरुप समाधान नखोजी साइबार ब्यूरोमार्फत पक्राउ गर्नु प्रेस स्वतन्त्रता र संविधानविरुद्ध रहेको महासंघको ठहर छ । यो घटनाले लोकतान्त्रिक मूल्य-मान्यता र स्वतन्त्र प्रेसको विश्वव्यापी मान्यतालाई खिल्ली उडाउने काम गरेको महासंघको बुझाइ छ ।

महासंघ प्रेस काउन्सिल नेपालको क्षेत्राधिकारसमेत मिचेर राज्य सत्ताको आडमा भएको यो स्वेच्छाचारी शैलीप्रति खेद प्रकट गर्दै कडा भर्त्सना गर्दछ ।

महासंघ प्रेसविरोधी यस्ता व्यवहार सच्याउन तथा पत्रकार श्रेष्ठलाई बिनाशर्त तत्काल रिहा गर्न सरकारको ध्यानाकर्षण गराउँदै समाचारको विषय भए सम्बन्धित निकायमार्फत समाधान खोज्न सम्बद्ध पक्षलाई सचेत गराउँदछ ।

साथै, आफ्नो क्षेत्राधिकारको स्वामित्वको विषयमा प्रभावकारी भूमिका निर्वाह गर्न प्रेस काउन्सिल नेपाललाई आग्रह गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org